नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५९

## "ग्रीन कार्डको प्रलोभनमा मौरिसस पुऱ्याई मानब बेचबिखन गर्ने अभियुक्त पक्राउ"



### पक्राउ अभियुक्तको विवरण :-

**नाम:-** बुद्धिराज न्यौपाने

**उमेर :-** ५४ वर्ष

**स्थायी वतन:-** जिल्ला झापा तोपगाछी गा.बि.स.वडा नं.९

हाल परिवर्तित कमल गाउँपालिका वडा नं. ०१ ।

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

- हाल पक्राउ परेका अभियुक्तले आर्थिक अवस्था कमजोर भएकी जाहेरवाला परिबर्तित नाम २६ बबरमहल (३३३) लाई **मौरीससमा** मासिक ने.रु.७०,०००।– (सत्तरी हजार) कमाई हुने कुकको काममा लगाइदिने तथा काम गरेको केही समयपछि **ग्रिन कार्ड** समेत पाइने भनि प्रलोभन देखाएको,
- हालका अभियुक्तले जाहेरवालाबाट लागत खर्च भनि रु.२,५०,०००।-(दुई लाख पचास हजार) रकम लिएको खुल्न आएको,
- अभियुक्तले जाहेरवालालाई मौरिसस पुर्याउनको लागि त्रिभुबन अन्तराष्ट्रिय बिमानस्थलमा **MAURITIUS लेखिएको क्याप** लगाउन दिई फोटो खिचि मौरीससमा रहेको निजको साथिलाई पठाईदिई २७ जनवरी २०२४ तदनुसार मिती २०८०।१०।१३ गते नेपालबाट भारतको नयाँ दिल्ली हुदै मौरिसस पुर्याई सोही क्यापको आधारमा निजको साथिले पहिचान गरी मौरिससस्थित एअरपोर्टमा रिसिभ गरी मौरिसियन नागरिकलाई जिम्मा लगाएको खुल्न आएको,
- मौरिसियन नागरिकले जाहेरवालालाई पक्राउ अभियुक्त बुद्धिराज न्यौपानेबाट **उपहार स्वरुप खरिद** गरी ल्याएको भनि दैनिक १७/१८ घण्टा घरको काम लगाई समयमा खाना खान र तलब समेत नदिई **चरम श्रम शोषण तथा यौन शोषण** गरेको खुल्न आएको,
- जाहेरवालाले नेपाल फर्काउन अनुरोध गर्दा अभियुक्तले घर मालिकले भनेबमोजिम गर्न भनि डर धम्की समेत दिएपश्चात् काम गरेको ठाउँबाट रातिको समयमा भागि पोर्चुगलमा रहेको **नेपाली नागरिकहरुको सहयोगमा** मिति २०८१/०३/२० गते नेपाल फर्कन सफल भई मानव बेचबिखन अनुसन्धान ब्यूरो,बबरमहल काठमाण्डौमा जाहेरी दरखास्त दिएको,
- यस घटनामा संलग्न बुद्धिराज न्यौपानेलाई यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ का.म..न.पा.वडा नं.०७ गौरीघाट स्थितबाट मिति २०८१/०४/२८ गते पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट **दिन ५ (पाँच)** को म्यादथप अनुमति लिई आवश्यक थप अनुसन्धान कार्य भई रहेको ।

**मिति: २०८१/०४/२८ गते ।**

**सूचना अधिकारी**

**(गौतम मिश्र)**

**प्रहरी उपरीक्षक**

**सम्पर्क नम्बर:-९८५१२८११६०**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np